# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २६३ काठमाडौं सोमबार, ८ माघ २०८० Prabhab National Daily Monday, January 22, 2024 www.prabhabonline.com पृष्ठ १० मूल्य रू. ५।-


# सहकारी प्रकरणमा रविमाथि कारबाहीको तयारी




- ग्यालेक्सी फोरके टेलिभिजनमा रहँदा लामिछानेले सर्वसाधारणको बचत रकम हिनामिना गरेको आरोपमा रवि लामिछानेलाई प्रहरीले अनुसन्धान अघि बढाइसकेको छ
- पुस २५ गते गृह मन्त्रालयमा बसेको बैठकमा गृहमन्त्री नारायणकाजी श्रेष्ठसहित गृहसचिव, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव, सिआइबीका एआइजी, सहकारी विभागका रजिष्ट्रार, गृह र अर्थ मन्त्रालयका सहसचिवलगायतको सहभागिता थियो
- साधारणलाई पक्राउ गर्ने तर राष्ट्रिय पार्टीको सभापतिलाई सामान्य सोधपुछ पनि नगर्ने भन्दै संसदीय समितिमा लामिछानेमाथि प्रश्न उठेको छ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सहकारीको रकम हिनामिनाको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि कारबाही गर्ने तयारी थालेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालकै निर्देशनमा सभापति लामिछानेलाई कारबाही हुन लागेको सरकारी स्रोतको दाबी छ ।

ग्यालेक्सी फोरके टेलिभिजनमा रहँदा लामिछानेले सर्वसाधारणको बचत रकम हिनामिना गरेको आरोपमा उनलाई प्रहरीले अनुसन्धान अघि बढाइसकेको छ । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले लामिछाने जोडिएको भनिएको सहकारी घोटाला प्रकरणको अनुसन्धान सुरु गरेको हो ।

आइतबार सहकारी विभागबाट पत्र पाउनसाथ अनुसन्धान अघि बढेको सिआइबी प्रमुख किरण बज्राचार्यले बताइन् । 'सहकारी विभागबाट अनुसन्धानको पत्र आइसकेको छ । अब प्रक्रिया अघि बढ्छ,' बज्राचार्यले भनिन् । सहकारी विभागको पत्रविना प्रहरीलाई अनुसन्धानको अधिकार नरहेको सिआइबीले जनाएको छ ।

### पुस २५ मै तयारी

गृहमन्त्री श्रेष्ठले यो प्रकरणमा कारबाही गर्न गत पुस २५ गते नै तयारी बैठक राखेको गृह स्रोतले जनाएको छ । गृह मन्त्रालयमा डाकिएको बैठकमा गृहसचिव दिनेश भट्टराई, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी, सिआइबीका एआइजी बज्राचार्य, एसएसपी दिनेश आचार्य, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे, गृह र अर्थ मन्त्रालयका सहसचिवलगायत सहभागी दिए । उक्त बैठकमा सहकारी घोटाला प्रकरणमा लामिछानेलाई पक्राउ गर्दा अपनाउन सकिने कानुनी विषयहरूमासमेत छलफल भएको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# उपेन्द्र–सिकेबीच टकराव

- कृषि विश्वविद्यालयको शिलान्यासलाई लिएर उपेन्द्र र सिकेबीचको टकराव छताछुल्ल
- एकअर्काबीच देखादेख पर्नै नहुने स्थिति
- हरेक मोर्चामा जसपालाई जनमतको टक्कर



उपेन्द्रजी र सिके राउतजीबाट कृषि विश्वविद्यालयको नगराउँ शिलान्यास, शिक्षामन्त्रीबाट गराउँदा के हुन्छ ? अथवा, जसपाकै मुख्यमन्त्री हुनुहुन्छ । उहाँले शिलान्यास गरे भयो त । तर, हारेका उपेन्द्र यादवलाई ल्याएर विवाद खडा गर्न खोज्ने जसपाको प्रवृत्ति निन्दनीय छ ।

■ **डा. शरदसिंह यादव**
प्रवक्ता, जनमत



उहाँ (राउत)को मुद्दा के–के छन् थाहा छैन कसैलाई । तर, हामी दुईवटै दल संघीय गठबन्धनमा छौं । प्रदेश सरकारमा छौं । संघीय सरकारमा छौं । संघीय पार्टीले यस्तो व्यवहार गर्नु निच कार्य हो ।

■ **मनिष सुमन**
प्रवक्ता, जसपा



■ **जेबी योञ्जन**

**काठमाडौं–** जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतबीचको राजनीतिक सम्बन्ध तीक्ततापूर्ण देखिएको छ । मधेस जनाधार रहेका दुवै दलका अध्यक्ष यादव र राउत एकअर्कालाई देखिनसहने अवस्थामा पुगेका छन् । यतिसम्मकी विकासे संरचनाको शिलान्यासमै उनीहरूबीचको लफडाले उग्र रूप लिनसक्ने देखिएको छ ।

गृह मन्त्रालय स्रोतका अनुसार जनमत अध्यक्ष राउतले जसपा अध्यक्ष यादवले सप्तरीको राजविराजमा आज सोमबार कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्ने कार्यक्रम स्थगित गर्न गृह मन्त्रालयलाई पत्र लेखेका छन् । जिल्लाको शान्ति सुरक्षा कायम राख्न शिलान्यास स्थगित गर्नुपर्ने राउतले लेखेको पत्रमा छ ।

जनमतका प्रवक्ता डा. शरदसिंह यादवका अनुसार अध्यक्ष राउतले उक्त कृषि विश्वविद्यालयका लागि छ महिना खटेर ३० करोड रूपैयाँ बजेट निकासा गराएका छन् । तर, पनि जसपा अध्यक्ष यादवबाट शिलान्यास गराएर जसपाले सप्तरीमा विवाद सिर्जना गर्न खोजेको प्रवक्ता यादवले बताए । उनले जसपाले अर्को 'गौर हत्याकाण्ड' मच्चाउन खोजेको आरोपसमेत लगाए ।

'मधेसको शिक्षामन्त्री हाम्रो पार्टीबाट महेश यादव हुनुहुन्छ । उहाँलाई समेत जानकारी गराइएन । ल ठीक छ, उपेन्द्रजी र सिके राउतजीबाट नगराउँ शिलान्यास, शिक्षामन्त्रीबाट गराउँदा के हुन्छ ? अथवा जसपाकै मुख्यमन्त्री हुनुहुन्छ । उहाँले शिलान्यास गरे भयो त,' जनमतका प्रवक्ता यादवले प्रभावसँग भने, 'तर, चुनाव हारेका उपेन्द्र यादवलाई ल्याएर विवाद खडा गर्न खोज्ने जसपाको प्रवृत्ति निन्दनीय छ । यहाँ गौर हत्याकाण्डजस्तै केही घटना घटाउन खोजेको देखिएको छ ।'

उनले जसपा अध्यक्ष यादव कृषि विश्वविद्यालयको शिलान्यास गर्न पुगे सुरक्षा चुनौती हुने चेतावनी दिए । 'बजेट पार्ने माननीय राउत हुनुहुन्छ, विश्वविद्यालय बचाउनलाई । त्यो कुरालाई नजरअन्दाज गरिएको छ,' उनले भने, 'त्यहाँ द्वन्द्व मच्चाउने र हारको बदला लिने प्रयास हुँदै छ । त्यसले उहाँमाथि नै सुरक्षा चुनौती बढ्छ ।'

जनमतबाट मधेस सरकारको शिक्षा तथा संस्कृतिमन्त्री बनेका महेशप्रसाद यादवले पनि राजविराजमा आज हुने कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्ने कार्यक्रम रोक्न भन्दै वक्तव्य जारी गरेका छन् । यदि, शिलान्यास गरिए अप्रिय घटना हुन सक्ने उनको पनि चेतावनी छ ।

'कार्यक्रम नरोकेर कुनै किसिमको अप्रिय घटना घटेमा त्यसको जिम्मेवारी मन्त्रालय नहुने विश्वविद्यालयको भिसी, रजिस्ट्रार हुने जानकारीसमेत गराउन चाहन्छु,' मन्त्री यादवले वक्तव्यमा भनेका छन् । यसअघि आइतबार नै शिलान्यास रोक्नुपर्ने मागसहित विश्वविद्यालयमा जनमतका कार्यकर्ताले ताला लगाएका छन् ।

तर, जसपा अध्यक्ष यादव भने कृषि विश्वविद्यालयको शिलान्यास गर्न जाँदै छन् । विश्वविद्यालय हाल जनमत अध्यक्ष राउत सांसद रहेको सप्तरी-२ मा पर्छ । जहाँ उपेन्द्र गत निर्वाचनमा राउतसँग पराजित भएका थिए । तर, गत वैशाख १० गते बारा-२ मा भएको उपनिर्वाचनबाट चुनाव जितेर यादव सांसद छन् । उनै यादवमार्फत विश्वविद्यालयको शिलान्यास गर्ने भएपछि विवाद चर्किने देखिएको हो ।

जसपा प्रवक्ता मनिष सुमनले अध्यक्ष उपेन्द्र यादवले कृषि विश्वविद्यालयको शिलान्यास गरिछाड्ने बताए । तर, जनमत अध्यक्षले शिलान्यास रोक्नका लागि गरेको प्रयत्नलाई 'निच कार्य' भनेका छन् । 'उहाँ (राउत)को मुद्दा के-के छन् थाहा छैन कसैलाई । तर, हामी दुईवटै दल संघीय गठबन्धनमा छौं । प्रदेश सरकारमा छौं । संघीय सरकारमा छौं । संघीय पार्टीले यस्तो व्यवहार गर्नु निच कार्य हो,' उनले भने ।

राजनीतिक विश्लेषकहरूका अनुसार भने कृषि विश्वविद्यालयको शिलान्यासको विषयले दुई पार्टीका नेतृत्वबीचको विवाद थप छरपस्ट भए पनि खासमा मधेसको नेता को बन्ने ? भन्ने लडाइँ चलेको प्रस्ट हुन्छ । त्यसकै लागि उनीहरू प्रतिशोधपूर्ण राजनीति गर्दै आएका छन् ।

हुन पनि यादव र राउतबीच प्रतिनिधिसभा चुनावमा प्रतिस्पर्धा भयो । त्यहाँ राउतले यादवलाई पराजित गरे । चुनावअघि नै राउतको दल जनमतले जसपा र उक्त दलका अध्यक्ष यादवविरुद्ध मधेसमा अभियान छेडेका थिए । नेपाली राजनीतिको मुख्य दुश्मन जसपा भएजसरी जनमत प्रस्तुत भयो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# माग सम्बोधन नभए कामदार पठाउन बन्द गर्ने चेतावनी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीहरूले राख्दै आएको जायज माग सम्बोधन नभए वैदेशिक रोजगारीमा कामदार पठाउन बन्द गर्ने चेतावनी दिएको छ । संघले आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई १९ बुँदे मागपत्र बुझाउँदै वैदेशिक रोजगार व्यवसायको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन पटक-पटक राखिएको व्यवसायीका जायज माग सुनुवाइ नभएको भन्दै उक्त चेतावनी दिएको हो ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले श्रमसचिव केवल भण्डारीलाई मागपत्र बुझाउँदै व्यवसायीको माग सम्बोधन गर्न श्रममन्त्री शरतसिंह भण्डारी र सरकारकोसमेत ध्यानाकर्षण गराएको छ । सहजरूपमा व्यवसाय सञ्चालन गर्न पाउने वातावरण निर्माण हुनुपर्नेमा त्यसो नभई अनेक झण्झट र अवरोध सिर्जना भएका कारण तत्कालै व्यवसायीको माग सम्बोधन हुनुपर्ने संघले उल्लेख गरेको छ । व्यवसायीहरूका जायज माग सम्बोधन गर्न बारम्बार आग्रह गर्दासमेत सुनुवाइ नभएको संघले जनाएको छ । मागको प्रभावकारी सुनुवाइ नभएकाले बाध्य भएर व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आएको संघले बुझाएको मागपत्रमा जनाइएको छ ।



संघको मागपत्रमा वैदेशिक रोजगारीमा जाने कामदारको खर्च शीर्षक निर्धारण गरी उनीहरूबाट न्यूनतम एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था गर्नुपर्ने पहिलो माग छ । त्यस्तै काठमाडौंस्थित साउदी दूतावासले कामदारलाई अनिवार्य गरेको बायोमेट्रिक व्यवस्था हटाउन र सीमित व्यवसायीलाई एकाधिकार जमाउन बल पुग्नेगरी भइरहेका कार्य रोक्न सबै व्यवसायीहरूलाई साउदी आइडी दिलाउन कूटनीतिक पहल गर्नुपर्ने बताइएको छ ।

त्यसैगरी संघको प्रतिनिधिसहित वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष संसोधन गर्न, मलेसियाको निजी कम्पनी फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्ल्युडब्ल्युएमसी) र वैदेशिक रोजगार बोर्डबीचको सम्झौता खारेज गर्नुपर्ने, व्यक्तिगत श्रम स्वीकृतिमा छानविन गरी कडाइ गर्नुपर्ने, व्यवसायीले इजाजत लिन राखेको नगद धरौटीको ब्याज पाउने व्यवस्था गर्नुपर्ने, कामदारलाई अभिमुखीकरण तालिम लिएरमात्रै वैदेशिक रोजगारमा जाने प्रक्रियामा सामेल गराउने व्यवस्था गरिनुपर्ने उल्लेख छ ।

साथै, व्यवसायीले इजरायलमा केयरगिभरबाहेक र कोरियाको इ-सेभेन भिसामार्फत कामदार पठाउन पाउनुपर्ने, मागपत्र प्रमाणीकरणमा भइरहेको झण्झटिलो र व्यवसायीलाई दुःख दिने कार्य तत्काल बन्द गर्नुपर्ने, महिला कामदारहरूलाई सहज ढंगबाट व्यवसायीहरू मार्फत पठाउने व्यवस्था गर्नुपर्ने, जापान जान अभ्यासार्थी कामदारहरूले भिसा प्राप्त गरे पनि जाइका अल्मुनाई एसोसियसन (जान) कारण रोजगारी गुमाउने अवस्था आएकाले उक्त संस्था तत्कालै खारेज गरिनुपर्ने, युरोपेली देशहरूको भिसा कन्सुलर शाखा नेपालमा स्थापना गर्न पहल गर्नुपर्ने लगायतका १९ बुँदा समेटिएको छ ।

वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित, पारदर्शी र सुरक्षित बनाउनुपर्ने माग राख्दै थुप्रैचोटी लिखित, मौखिक आग्रह गरिए पनि अहिलेसम्म सरकारकातर्फबाट कुनै सुनुवाइ नै नभएको संघका अध्यक्ष भण्डारीले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## सम्झौता कार्यान्वयनबाट पछि हट्यो बोर्ड

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार बोर्डले मलेसियाको एक निजी कम्पनी फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्ल्युडब्ल्युएमसी)सँग गरेको सम्झौता हाललाई कार्यान्वयन नहुने जनाएको छ । वैदेशिक रोजगार व्यवसायी तथा सरोकारवालाहरूको चर्को विरोधपछि बोर्डले आइतबार एक विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको निर्देशनलाई कारण देखाउँदै सम्झौता कार्यान्वयन नहुने जनाएको छ ।

मलेसियामा रहेका नेपाली कामदारहरूको राहत, उद्धारलगायतका कल्याणकारी कार्य गर्ने विषयमा भएको सम्झौता विभिन्न सरोकारवालाहरूसँग थप छलफल गरेरमात्रै टुंगोमा पुग्न आवश्यक देखिएको भन्दै बोर्डले उक्त सम्झौता हाललाई कार्यान्वयन नहुने प्रस्टचाएको छ । यसअघि कल्याणकारी कार्यका लागि भन्दै बोर्डले मलेसियाको रोजगारदातासँग नेपाली कामदार भर्ना प्रक्रियामा प्रतिव्यक्ति ४५ डलर शुल्क उठाउन दिने निर्णय गर्दै एफडब्ल्युडब्ल्युएमसीसँग सम्झौता गरेको थियो ।




पृष्ठ १ बाट क्रमशः

### सहकारी प्रकरणमा...

बैठकमा सहकारी विभागको तर्फबाट लामिछानेलाई पक्राउ गर्न 'ग्रिन सिग्नल' मिलेको थियो । लगत्तै गृहमन्त्री श्रेष्ठले सिआइबीका निर्देशक तथा एआइजी बज्राचार्य, एसएसपी आचार्यलाई लामिछाने जोडिएको सहकारी घोटालाबारे अनुसन्धान गर्न निर्देशन दिएका थिए ।

पोखराको सूर्यदर्शन सहकारीबाट १० करोड रूपैयाँभन्दा बढी, चितवनको साहारा सहकारीबाट ११ करोड रूपैयाँभन्दा बढी, बुटवलको सुप्रिम सहकारीबाट १० करोड रूपैयाँभन्दा बढी गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा गएको देखिएको छ । गोर्खा मिडिया नेटवर्क प्रालिमार्फत नै ग्यालेक्सी फोरके टेलिभिजन सञ्चालनमा आएको थियो । त्यसका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राई थिए भने ग्यालेक्सी टिभीका प्रबन्ध निर्देशक लामिछाने थिए । यस विषयमा लामिछानेले आफू निर्दोष रहेको दाबी गर्दै आएका छन् । तर बचतकर्ताले रवि पनि दोषी भएको दाबी गरेका छन् । यो विषयमा लामिछानेमाथि कारबाही गर्न प्रधानमन्त्री दाहालसमेत सकारात्मक रहेको बताइएको छ ।

#### संसदीय समितिमा उठ्यो प्रश्न

सहकारीसम्बन्धी समस्या समाधान गर्नका लागि सहकारी ऐन नै परिमार्जन गर्न सांसदहरूले जोड दिएका छन् । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आइतबारको बैठकमा उपस्थित अधिकांश सदस्यले सहकारीमा देखिएको कानुनी समस्या समाधान गर्न सहकारी ऐनलाई संशोधन गर्नुपर्नेमा जोड दिए ।

समिति सदस्य अशोककुमार चौधरीले सहरकारीको समस्या समाधान गर्न कानुनमै हेरफेर आवश्यक रहेको बताए । चौधरीले सहकारी कसका लागि हो भनेर जनतालाई बुझाउँदै सहकारी नियमन गर्न उचित मापदण्ड तयार गरेर अगाडि बढ्नुपर्नेमा सुझाव दिए ।

समिति सदस्य मानवीर राईले सहकारीको समस्या समाधान गर्नमा सरकार अपरिपक्व देखिएको आरोप लगाए । सरकार पक्ष र मन्त्रालय पक्षबीच कमजोरी कसको भएको यकीन हुन जरुरी रहेको बताए । समिति सदस्य सूर्यप्रसाद ढकालले सहकारी सञ्चालक समितिमा एउटै घरपरिवारबाट एकभन्दा धेरै सदस्य हुन नपाउने नियम बनाउनुपर्ने धारणा राखे । समिति सदस्य वीरबहादुर बलायरले सहकारी पीडकको संरक्षण कुनै सांसदले गर्न नहुने भन्दै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि आवश्यक जनशक्तिसँगै सुरक्षाको व्यवस्था गरिदिनुपर्नेमा जोड दिए ।

समिति सभापति डा. आरजु राणाले सहकारीका समस्या समाधान गर्न प्रधानमन्त्रीलाई चिठ्ठी लेखेर अनुरोध गर्नुपर्ने बताइन् । उनले सहकारीको समस्या पछिल्लो समय डरलाग्दो बन्दै गएको भन्दै डुबेका सहकारीले ठगी गरेको रकम सरकारले कुनै पनि हालत बेहोर्न नहुने धारणा राखिन् ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले जनशक्तिको अभावले गर्दा परिणाममुखी काम गर्न नसकेको बताए । देशभर ३१ हजार सहकारीमध्ये ५०० वटा सहकारी अति समस्यामा रहेको उनको भनाइ थियो । अध्यक्ष दाहालले भने, 'समितिका लागि आवश्यकताअनुसार दक्ष जनशक्तिसहित सरकारले सुरक्षाको व्यवस्था गरिदिए छिटो गरी काम हुन सक्थ्यो । हस्ताक्षर गर्नका लागि एकजना कर्मचारीबाहेक कोही छैन । कसरी काम हुन्छ ?'

सहकारीले सुरुआती चरणमा राम्रो गरे पनि पछिल्लो समय अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा डुबेको अध्यक्ष दाहालको भनाइ थियो । 'सहकारीले उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्नेमा अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा समस्या देखियो । कृषि सहकारीभन्दा बचत तथा ऋण सहकारी बढी समस्यामा परेको छ,' दाहालले भने ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले सहकारीको समस्या कसले हेर्ने भन्नेबारे अन्योलता भएकाले समस्या गर्न बाधा भइरहेको बताए । दुवाडीले भने, 'सहकारीलाई कारबाही गर्न खोज्दा कानुनी बाधा आइपर्छ । सङ्घ, प्रदेश तथा स्थानीय तहले वर्गीकरण गरेर अनुगमनलाई तीव्रता दिनुपर्छ । बाझिएको कानुन तथा ऐनलाई छलफल गरेर छिटो टुङ्ग्याउनुपर्छ ।'

#### सुब्बा बोलेपछि बल्ल कानुनी कुरा

समितिको बैठकमा एकजना सांसदलेमात्र सहकारीमा लामिछानेको संलग्नताबारे पनि प्रश्न उठाए । अन्तिममा बोलेकी एमाले सांसद सरस्वती सुब्बाले यसबारे प्रश्न गरेकी थिइन् । 'राष्ट्रिय पार्टीको अध्यक्षले सहकारीको पैसा सरकारले तिर्नुपर्छ भन्नु ठीक होइन । साधारणलाई समात्ने राष्ट्रिय पार्टीको अध्यक्षलाई सामान्य सोधपुछ पनि नगर्ने किन ? उनको नाम सधैं समाचारमा आएको आएकै छ,' सुब्बाले जिज्ञासा राखिन् ।

समस्याग्रस्त सहकारी छानबिन समितिका अध्यक्ष दाहालले यसबारे कारबाही गर्न कानुन ल्याउने तयारी भइरहेको जवाफ दिए । 'यो कानुनलाई अहिलेको समस्यालाई एड्रेस गर्नेगरी विशेषगरी संसद्बाट सम्भव छ भने संसद्बाट नभए अध्यादेशबाटै तत्काल पास गर्नुपर्ने के के विषय छन्, यसमा गृहकार्य भइरहेको छ,' दाहालले भने ।

उनीलगत्तै भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले कारबाहीका लागि नियम नै तयारी अवस्थामा रहेको बताए । 'नियामक निकाय गठन हुनुपर्छ । सहकारी अनुगमन र सुपरिवेक्षण लेखा जाँचका लागि ऐनको मस्यौदा तयार गरेका छौं। छिट्टै नै हामी सदनमा पेश गर्ने तयारीमा छौं,' सचिव दुवाडीले भने ।

●●●

### उपेन्द्र-सिकेबीच...

गत वर्ष भएको उपराष्ट्रपति चुनावमा पनि जनमतले जसपाका उम्मेदवार रामसहायप्रसाद यादवविरुद्ध ममता झालाई उम्मेदवार बनायो । यादवले चुनाव जिते । हाल उपराष्ट्रपति छन् । फेरि, जसपा र जनमत दुवै सत्ता गठबन्धनमा छन् । गठबन्धनकै आधिकारिक उम्मेदवारविरुद्ध जसपाले त्यसबेला झालाई उम्मेदवार बनायो ।

त्यसपछि बारा-२ मा उपनिर्वाचन हुँदा गठबन्धनले साझा उम्मेदवार जसपा अध्यक्ष यादवलाई बनाएको अवस्थामा जनमतले गठबन्धनमै बसेर शिवचन्द्र कुशवाहलाई उम्मेदवार बनाए । यादव निर्वाचित हुँदा कुशवाहा पराजित भए ।

यही ११ माघमा हुने राष्ट्रिय सभा चुनावमा पनि मधेसमा जनमतले जसपा उम्मेदवारविरुद्ध उम्मेदवार खडा गरेको छ । यी परिदृश्यले मधेसमा राजनीतिक स्पेस लिन जसपा-जनमत नेतृत्वबीच प्रतिरोधी लडाइँ जारी छ । तर, त्यस्तो सम्बन्ध राजनीतिक रूपमा मात्रै भएको जनमत प्रवक्ता यादव बताउँछन् ।

'डा. राउतले संसद्मा पहिलो दिन नै उपेन्द्र यादवको योगदानको चर्चा गर्नुभएको थियो र अबका दिनमा सप्तरीको विकासका लागि सल्लाह गर्छु भन्नुभएको थियो,' उनले भने, 'अनि कहीं हुन्छ प्रतिशोधपूर्ण राजनीति ? राजनीतिक मतभिन्नता होलान् । तर, व्यक्तिगत कटुता छैन । जहाँ भेटचो, सौहार्दपूर्ण कुरा गर्छौं ।'

मधेसमा गत चुनावबाट राउतको दल जनमत उदाएको हो । यो दलले जसपालाई 'मिनिमाइज' गरेर मधेसको राजनीतिक मैदान कब्जा गर्ने चाहना राखेको छ ।

●●●

### माग सम्बोधन...

'वैदेशिक रोजगारीका क्षेत्रमा धेरै समस्या छन्,' उनले भने, 'सरकारले व्यवसायीको समस्या समाधनका लागि पहल गर्नुपऱ्यो, अन्यथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आइसकेको छ ।' भण्डारीले सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा कदम चाल्दा व्यवसायी र सरोकारवालाहरूसँग घनीभूत छलफल गर्नुपर्ने माग गरे ।

संघले राखेको मागप्रति मन्त्रालयको ध्यानाकर्षण भएको बताउँदै सचिव भण्डारीले यस विषयमा सकारात्मक सन्देश आउने उल्लेख गरे । उनले जायज मागहरू सम्बोधन हुनेमा विश्वस्त हुन आग्रह गरे । 'वैदेशिक रोजगारको संवेदनशीलता, कामदारहरूको हकअधिकार र सुरक्षा, व्यवसायीहरूको सरोकारको विषयमा मन्त्रालय गम्भिर छ,' उनले भने । वैदेशिक रोजगारीको क्षेत्रमा भइरहेको बेथिति हटाउनका संघले गरिरहेको प्रयास सराहनीय रहेको भन्दै सचिव भण्डारीले अन्य विषयमा छलफल र परामर्शबाट केही दिनभित्रै टुंगोमा पुग्ने आश्वासन दिए ।

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक सोताङ गा.वि.स. वडा नं. ६ परिवर्तित सोताङ गाउँपालिका ४ बस्ने असमान ज्मीको नाति/बुहरी आरजु 'जिमी र जसमाया राईको छोरा/बुहारी (ना.नं. ४७४५/१०८० मिति २०५१/०५/०६ सोलुखुम्बु) को भिम बहादुर राई र (ना.नं. जना छोराहरू जेठा रास बहादुर राई र भिम बहादुर राई रहेकोमा रास बहादुर राईको मिति २०६९/११/२४ मा मृत्यु भएको, निजको एक २०५९/१२/०७ मा र निजको एकमात्र पत्नी हाम्रो आमा/ सासु जसमाया राईको मिति २०५२/०२/१० मा मृत्यु भएको निजहरूको दुइ १००१/५६९/१८९५ मिति २०४६/१०/११ सोलुखुम्बु) को कुबिर माया राईले हाम्रो बाबु ससुरा आरजु ज्मीको मिति मात्र पत्नी कुबिर माया राई रहेको र सात जना छोरीहरूमा छोरीहरू सबैको विवाह भइसकेकोले बाबु/ससुरा र आमा/सासुको नाममा रहेको तपशिल बमोजिमका जग्गाहरूको श्रेस्ता कायम नरहेको र नाम फरक फरक उल्लेख भएकोले संशोधन सहित श्रेस्ता कायम गरी हाम्रो नाममा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू अरु कोही कसैको हक भोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा आरजु जिमी, अर्जुन ज्मी, अर्जुन बहादुर र अर्जुन मान फरक फरक व्यक्ति भए वा अतमान र अतमा ज्मी फरक फरक व्यक्ति भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

**निवेदकले नामसारीका लागि माग दावि गरेका जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १ | सोलुखुम्बु | सोताङ | ५ | ७८६, ८७९ र ८८३ | १३६५, १५५ र ४६७५ |
| २ | सोलुखुम्बु | सोताङ | ५ | ८७८ | ६८० |
| ३ | सोलुखुम्बु | सोताङ | ६ | ८६५ | २८७० |

इति संवत् २०८० साल जेठ महिना ३१ गते रोज ४ शुभम्......


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : A T V A Technical and cleaning services LLC

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ LT. No. 298420 चलानी नं. ६०२१३४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 0 | 1000 | ३६,०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th. Jan 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Raj Group Of Company Pvt.Ltd.

श्रम ईजाजत न .१२४५/०७३/०७४

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN BIN JASSIM AL THANI & SONS CO. CONTRACTIN TRADING

पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298455 चलानी नं. ६०२१३४२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 10 | 0 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ LT. No. 290949 चलानी नं. ६०२०६२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ LT. No. 290948 चलानी नं. ६०२०६२०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार

ESTABLISHMENT SEMA AL-RIADEH FOR CONTRACTING

पूर्व स्विकृति मितिः २०८०/१०/५ चलानी नं. ६०२१३४५३ LT No. 298375

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping Worker | 40 | काममा दक्ष | 1200 | 42415 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

★ अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १५ गते (29 January 2024) हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन बिमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/ नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफै | रु.१५०० कामदार आफैले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः १०,०००

दैलेख ओभरसिज प्रा. लि.

बसन्धारा, चक्रपथ, काठमाडौं, फोन नं.: ०१-४३८०१२१, ४३६२७१२

श्रम इजाजत पत्र नं.: ११४९/०७३/७४

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OK FOOD TRADING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ LT. No. 285519 चलानी नं. ६०२००९७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAYES LAUNDRY WLL

पुर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. :297988 चलानी नं. ६०२१३१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 12 | 1000 | ३६,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 2200 | ८०,३०५ | | | | | | | |
| 3 | Washing Worker | 0 | 1 | 1000 | ३६,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १२ गते (26th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.

श्रम ईजाजत नं. ५५०/०६२/०६३

रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २६० माघ ५ गते २०८० मा प्रकाशित Tricon International Overseas (P.) Ltd. को Lot No. 297988 को AL Rayes Laundry WLL कम्पनीको विज्ञापनमा म्यानपावरको नाम Tricon International Overseas (P.) Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.

श्रम ईजाजत नं. ५५०/०६२/०६३ रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २६१ माघ ६ गते २०८० मा प्रकाशित Mobhira Overseas Service Pvt. Ltd. को Lot No. 298044/298318 को Roca Cafe Sdn Bhd/Road Machinery Equipment Rental Establishment कम्पनीको विज्ञापनमा म्यानपावरको नाम Mobhira Overseas Service Pvt. Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Mobhira Overseas Service Pvt. Ltd.

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054


## Mandandeupur Municipality
### Office of Municipal Executive
Mahadevsthan, Kavre
Bagmati Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

*(Date of Publication: 22nd Jan 2024)*

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system ***www.bolpatra.gov.np/egp*** or may visit Mandandeupur Municipality website ***www.mandandeupurmun.gov.np***.

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Kamerokhola thulepuple khet sinchai aayojana mandandeupur-1 Kavre | 27/Works/NCB/ MDM/080/81 | 22/02/2024 12:00 hrs. | 22/02/2024 13:00 hrs. | Nrs.3,000 | Nrs.50,000.00 | Nrs.19,94,070.08 |

**Chief Administrative Officer**

# भन्सार नाकामा हुने 'सेटिङ' भत्काइयो : महानिर्देशक पौडेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलले विभिन्न भन्सार नाकाबाट हुने अवैध चोरी, निकासी तथा पैठारी रोक्न तस्करहरूको 'सेटिङ' भत्काइएको बताएका छन् ।

अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा आइतबार विभागले आयोजना गरेको 'आर्थिक पत्रकारसँग भन्सार प्रक्रिया तथा सुधार' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले भन्सार नाकाबाट हुने सबै अवैध गतिविधि रोक्न नसकिए पनि तस्करको जालो भत्काउन विभाग केही हदसम्म सफल भएको दाबी गरे । यद्यपि सुनलगायतका वस्तु अवैधरूपमा भित्रिरहेकामा त्यसलाई पूर्णरूपमा नियन्त्रण गर्न भने नसकिएको उनले बताए ।

'भन्सार कार्यालयमा हुने विभिन्न खालका सेटिङ भत्काउने काम भइरहेको छ, तर तस्करहरू एक कदम अगाडि छन्, उनीहरू हाम्रा कमजोरी हेरेर योजना बनाउँछन्,' पौडेलले भने । अवैध वस्तु भन्सार छलेर कसरी सजिलै भित्रिन्छन् ? भन्ने सञ्चारकर्मीको प्रश्नमा महानिर्देशक पौडेलले अपर्याप्त जनशक्ति तथा प्राविधिक क्षमताको अभाव, कर्मचारीको मिलेमतो, अन्तरनिकाय समन्वय अभावलगायतका समस्या रहेको बताए ।

सबै कर्मचारी राम्रा वा सबै नराम्रा छन् भन्ने पक्षमा आफू नरहेको पनि उनले स्पष्ट पारे । खुला सीमा अर्को चुनौती रहेको उनको भनाइ छ । भन्सार जाँचपास प्रक्रियालाई सहज बनाउन धातु एक्स-रे मेसिन खरिद आवश्यक रहेको पौडेलले बताए ।

त्यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा निकै कम कर्मचारी रहेको उल्लेख गर्दै उनले समग्र निगरानी संयन्त्रमै समस्या रहेको बताए ।

समग्र शासन प्रणाली सुधार भए भन्सार प्रणाली पनि क्रमशः सुधार हुनेमा उनको जोड थियो । भन्सारका कामकाजलाई विस्तारै कागजरहित बनाउँदै लगिएको पौडेलको भनाइ छ । पोखरा र गौतमबुद्ध अन्तर र्‍ाष्ट्रिय विमानस्थलबाट भन्सार सेवा दिन विभाग तयार रहेको उनले बताए । पछिल्लो समय समग्रमा आर्थिक क्रियाकलाप खुम्चिँदा र व्यापार साघुरिँदा भन्सार राजस्व घटेको उनको भनाइ छ ।

### अन्तर्राष्ट्रिय भन्सार दिवस मनाइँदै

विभागले अन्तर्राष्ट्रिय भन्सार दिवस साताव्यापीरूपमा मनाउने भएको छ । विभागले आइतबार आर्थिक पत्रकारसँग अन्तर्क्रिया गरेको छ । आइतबार नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा, माघ ९ गते नेपाल समुद्रपार निकासी पैठारी संघको आयोजनामा, माघ १० गते नेपाल चेम्बर अफ कमर्सको आयोजनामा र माघ ११ गते नेपाल उद्योग परिसंघको आयोजनामा अन्तर्क्रिया गरिने जनाइएको छ ।

त्यस्तै देशभरका विभिन्न भन्सार कार्यालयले व्यवसायी तथा सरोकारवालासँग अन्तर्क्रिया, खेलकुदलगायत विविध कार्यक्रम, रक्तदानलगायत कार्यक्रम गर्ने छन् । अन्तर्राष्ट्रिय भन्सार दिवस मूल समारोह समितिको आयोजनामा माघ १२ गते विभागमा विशेष कार्यक्रम आयोजना गरिने जनाइएको छ ।

## मत माग्दै गठबन्धनका उम्मेदवार

**बागलुङ (प्रस)–** यही माघ ११ गते हुन गइरहेको राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सत्तारूढ गठबन्धनका उम्मेदवारहरू मत माग्नका लागि जिल्लाका विभिन्न क्षेत्रमा पुगेका छन् । गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्ने गठबन्धनका उम्मेदवारहरू बागलुङका जनप्रतिनिधिहरूबीच अन्तरक्रिया तथा भेटघाट गर्नका लागि बागलुङ आइपुगेका छन् ।

सत्तापक्षीय पाँचदलीय गठबन्धनका तर्फबाट गण्डकी प्रदेशबाट उम्मेदवार करिणबाबु श्रेष्ठ, मनरूपा शर्मा र पदमबहादुर परियार निर्वाचनको मिति नजिकिएसँगै बागलुङसहित गण्डकी प्रदेशका जिल्ला जिल्लामा मतदाता भेटघाटमा व्यस्त छन् । उनीहरू मतदाताका रूपमा रहेको स्थानीय तहको सरकारप्रमुख उपप्रमुख तथा प्रदेशसभा सदस्यहरूबीच भेटघाट र परिचय कार्यक्रमका लागि बागलुङ आएका हुन् ।

यहाँ आयोजित कार्यक्रममा बागलुङ जिल्लाका विभिन्न पालिकाका प्रमुख, उपप्रमुख अध्यक्ष, उपाध्यक्ष तथा यहाँबाट प्रदेशसभामा प्रतिनिधित्व गर्ने सत्तापक्षीय प्रदेशसभा सदस्यहरूले गठबन्धनका उम्मेदवारलाई विजयी गराउने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय सभा सदस्य उम्मेदवार किरणबाबु श्रेष्ठले गठबन्धनको औचित्य र आवश्यकता अझै बाँकी रहेकाले आफूहरू अहिले पनि गठबन्धनका तर्फबाट उम्मेदवार बनेको बताए । 'संविधान र व्यवस्थामाथि नै प्रहार भएपछि बनेको गठबन्धनको आवश्यकता अहिले पनि छ,' ।


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : UNIVERSAL GUARD SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 293704 | चलानी नं ६०२०९२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८

MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI DAYAA MANUFACTURING SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 292100 | चलानी नं. ६०२०७२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१५९४/०७९/८०

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARTINSON & COMPANY LTD

पूर्व स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 298287 | चलानी नं. ६०२१३४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tiles Mason/Carpenter/Steel Fixture | 35 | 0 | 16000 | ४७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ देखि २९ गते (29 Jan-12 Feb 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


## Shivanath Rural Municipality

**Office of the Rural Municipal Executive**
**Shivanath, Baitadi**

### INVITATION FOR THE BIDS

**Date of publication:January 22th, 2024 (2080/10/08)**

1. ***Shivanath Rural Municipality, Office of the Rural Municipal Executive*** invites sealed bids from eligible bidders for the Construction of the Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 09/SRMUN/WORKS/2080/081 | Upgrading and Maintenance Works of Olya Basedi Road At Shivanath RM 06 Basedi | 28,31,207.05 | 90000/- | 3000/- | • Hard Copy Not Acceptable<br>• Last Date and Time of Bid Submission:- February 21th, 2024 (2080/11/09) 12:00 Noon<br>• Date and Time of Bid Opening: February21th, 2024 (2080/11/09) 13:00 Hours |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, Email: ito.shivanathmun@gmail.com, Phone no. 9858784452 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: ShivanathRural Municipality, Office Account no.: 41895241207004 (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 Noon on 2080/11/09 (February 21th, 2024).Bids received after this deadline will be rejected.
5. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलबारी, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/०८ गते प्रभाब दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलबारी, मोरङ्गबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ २३ गते मंगलबार**का दिन शाखा कार्यालय बेलबारी, मोरङ्गमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा मिति २०७६/०७/२२ मा प्रा.फ.र.नं. ३२६५६/०७६/७७ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु आर.के.फलफूल तथा तरकारी पसल** (प्रोप्राईटर गंगाई महतोको नाति, विलेक्षण महतो/देवकी देवी महतोको छोरा, संझावती देवी महतोको पति, सुनसरी जिल्ला, नरसिंङ गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं ०४ बस्ने **मंगल महतो** (ना.प्र.नं. ५७९८७/५८९८७, जारी मिति २०५७/१०/०६, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. विलेक्षण महतो/देवकी देवी महतोको नाति, मंगल महतो/संझावती देवी महतोको छोरा, सविता कुमारी चौधरीको पति, सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४ बस्ने **रंजित कुमार महतो** (ना.प्र.नं. ०६-०१-६९-१३६२७, जारी मिति २०६९/१२/२८, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।
२. ब्रमलाल चौधरी/गमा देवी चौधरीको नातिनी, श्रीपद लाल चौधरी/सुलोचना देवी चौधरीको छोरी, मंगल महतो/संझावती देवी महतोको बुहारी, रंजित कुमार महतोको पत्नी, मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४ बस्ने **सविता कुमारी चौधरी** (ना.प्र.नं. ०५१०१८/१०७४, जारी मिति २०६८/०८/०८, जिल्ला प्रशासन कार्यालय मोरङ्ग) ।
३. टुनाई मेहता/देवकी देवी मेहताको नातिनी, नुनुलाल मेहता/सिता देवी मेहताको छोरी, विलेक्षण महतो/देवकी देवी महतोको बुहारी, मंगल महतोको पत्नी, सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा., वडा नं. ०४ बस्ने **संझावती देवी महतो** (ना.प्र.नं. ०६१०४९/१२५९२५, जारी मिति २०६४/१२/११, जिल्ला प्रशासन कार्यालय सुनसरी) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **मंगल महतो**को नाममा मालपोत कार्यालय, बेलवारी, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ५८३ र ५८४ को क्षेत्रफल क्रमशः १६९.३२ र ३३८.६४ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैंक लि.र ऋणी **न्यु आर.के.फलफूल तथा तरकारी पसल** कायम भई कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको चे.नं. MAT524005GSR07121, ई.नं. 497SPTC43HTY626484, सवारी नं. को २ च ५१०, को Tata Xenon थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ २२ गते** भित्र बैंकको शाखा कार्यालय बेलबारी, मोरङ्गमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलबारी, मोरङ्गबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० माघ २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बेलबारी, मोरङ्गमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेलबारी, मोरङ्गमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० माघ २३ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बेलबारी, मोरङ्ग फोन नं. ०२१-४३४४२१/२२**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 297273 | चलानी नं. ६०२१२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६२० | | | | | | | |

कम्पनी : SONS OF SULEIMAN AHMED AL-KHAMIS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 297169 | चलानी नं. ६०२१२१६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL RAHMAN BIN MOHAMMED AL-LOHAYDAN TRADING EST. FOR TRANSPORTATION

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०७ | LT. No. 290581 | चलानी नं. ६०२०५८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सहकारी घोटालामा निष्पक्ष छानबिन गर

अहिले नेपालमा ३१ हजारभन्दा बढी सहकारी छन् । जसमध्ये १५ हजार हाराहारी वित्तीय कारोबारमा संलग्न छन् । बाँकी कृषि र उत्पादनसँग जोडिएको छ । तीमध्ये करिब ५०० सहकारी अप्ठ्यारोमा परेको सहकारी विभागले जनाएको छ ।

पछिल्लोपटक तरलता बढेसँगै सहकारी संकट पनि सुरू भएको छ । आफ्नो रकम सुरक्षित नहुने देखिएपछि बचतकर्ता दिनहुँ धाउँदा सहकारीहरू थप आत्तिएको अवस्थामा पुगेका छन् । योसँगै सहकारीले अनुत्पादक क्षेत्रमा गरेको लगानीबारे उजागार हुँदै गएको छ । कृषि र खाद्यान्नलगायतमा लगानी नगरी बैंककै शैलीमा सहकारी जान थालेपछि यो समस्या देखिएको हो ।

कतिपय त नियतवश नै यस्तो काममा लागेको देखिन्छ । सहकारी विभागका अनुसार नियतवश यस्ता काम गर्नेहरू देशै छाडेर गएका छन् । सम्पत्ति बेचेर उनीहरू अर्कै देशको नागरिक बनिसकेकोले कारबाहीको दायरामा ल्याउनसमेत मुश्किल हुन थालेको छ ।

यसका लागि अब सरकारले कडा कानुन बनाउनुपर्ने देखिन्छ। २०७४ मा आएको सहकारी ऐनको अझै प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सहकारीसम्बन्धी कानुन संशोधनका लागि प्रतिनिधिसभाको कानुन, न्याय तथा संसदीय समितिमा लामो छलफल चलेर पनि सदनमा पेस भइसकेको छ । तर यसमा संसद्ले कुनै चासो देखाउन सकेको छैन ।

सहकारी नियमनका लागि न त कानुन, न त नियामक निकाय । तीन तहको समन्वय नमिल्दा अहिले सहकारीलाई कारबाहीको दायरामा ल्याउन पनि मुश्किल भइरहेको छ । दिनहुँजसो सहकारीमा रकम जम्म गरेका बचतकर्ताहरू आफ्नो रकम फिर्ता गरिदिन हारगुहार गर्दा पनि सरकार अलमलमा छ । समस्यामा परेका सहकारीको लाइनमा नयाँ नयाँ नाम थपिँदो छ । अबौं रकम अनुत्पादक क्षेत्र जग्गा, हाउजिङलगायतमा लगानी हुँदा सहकारीले रकम उठाउन सकिरहेको छैन । सहकारी आफैं पनि आफ्नो रकम उठाउन जग्गा बेच्नेदेखि हाउजिङ बेच्न लागिपरेको छ । यद्यपि आर्थिक मन्दीका कारण जग्गा बिक्रीमासमेत मन्त्री छ । यसरी वित्तीय संस्था समस्यामा पर्दा सरकारले समन्वयात्मक भूमिका खेल्नुपर्ने हो ।

नियतवश ठगीमा लाग्नेहरूविरुद्ध कारबाहीको दण्ड चलाउनुपर्ने हो । तर सरकारले यस विषयमा मौनता साँधेको छ । ठूला नेताहरू अबौं रकम अपचलन गर्दा पनि कारबाहीको प्रक्रियाबाट जोगिएका छन् भने सर्वसाधारण सानो रकममा पनि दायरामा परेका छन् । वित्तीय अपराधमा नेपालमा कडा कानुन नहुँदा अन्तर्राष्ट्रिय नियामक निकायलेसमेत चेतावनी दिँदै आएको छ । यसैले पनि सहकारी घोटालामा निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल कारबाही होस् ।

# पुँजीगत खर्च नबढ्दा सिर्जित आर्थिक समस्या



**गोपीनाथ मैनाली**

> पुँजीगत खर्च हुन नसक्नुमा नीतिगत होइन, केही प्राविधिक र धेरै व्यावहारिक कारण छन् । कर्मचारीतन्त्रले सक्रियता नदेखाएसम्म पुँजीगत खर्च बढ्ने स्थिति रहन्न । पछिल्लो समय निगरानी र छानबिन निकायले निर्णयकर्तालाई उन्मुक्ति दिने तर प्रक्रियामा रहेकालाई कारबाही गर्ने गरेकाले पनि पुँजीगत खर्च बढाउने उत्साहमा कर्मचारीतन्त्र देखिएको छैन । काम नगर्दा सुरक्षित भइन्छ तर काम गरेमा जोखिम हुन्छ भन्ने भाष्य बनेको छ ।

प्रत्येक वर्ष बजेट वक्तव्यमा पुँजीगत खर्च समयमै गरी बजेट कार्यान्वयन प्रभावकारी पार्ने कुरा उल्लेख गरिँदै आएको दशक भइसक्यो तर पछिल्ला कुनै पनि आर्थिक वर्षहरूमा यसले लक्ष्य भेट्टाएको छैन । उल्टो खर्चको परिमाण र गुणस्तर घट्दै गएको छ । पुँजीगत खर्च हुन नसक्दा सरकारको आलोचना भइरहेको छ । पुँजीगत खर्च गर्न र खर्चको गुणस्तर बढाउन गरेको प्रयास कत्ति पनि सफल छैनन् । बजेटमा के कस्ता कारक छन्, जसका कारण पुँजीगत खर्च नभएको हो भनी बजेट र खर्चबीचको सम्बन्ध पनि विश्लेषण गरिएको भए त्यसले एउटा दिशा देखाउँथ्यो, दुःखको कुरा त्यसरी विश्लेषण पनि गरिएको छैन ।

बजेटजति वास्तविक बनाउन सकियो त्यसको कार्यान्वयन (खर्च र उपलब्धिको गुणस्तरीयता) त्यसैको सापेक्षमा बढ्ने गर्दछ । बजेट वास्तविक बनाउन बजेट व्यवस्थापनका चरणहरूबीच तार्किक सम्बन्धमा रहनु पर्दछ । तार्किक सम्बन्ध राम्रो बनाउन यसमा संलग्न पात्रहरूको भूमिका प्राविधिक रूपमा सबल हुनुपर्दछ । बजेट निकायहरूमा भरपर्दो तथ्यांक आधार नभए बजेटको प्राविधि जग नै कमजोर हुन्छ र कार्यान्वयन तहमा धेरै समस्याहरू आउने गर्दछन् । प्रमुख खर्च गर्ने पदाधिकारी सचिवले बजेट तर्जुमाको समयमा खर्च प्रतिबद्धता जनाएको विनियोजनले नै लक्ष्य भेट्टाउन सक्दैन ।

विगत एक दशकको बजेट विश्लेषण गर्दा प्रतिबद्ध खर्च घट्न सकेको छैन, पुँजीगत खर्च बढ्न सकेको छैन । वित्तीय व्यवस्थापनतर्फको खर्चमा उपयोग कम र लागत बढ्दै छ । पुँजीगत खर्च वास्तवमा खर्च नभई लगानी हो । यसले अर्थतन्त्रको कमाउने क्षमता बढाउने उत्प्रेरकको काम गर्दछ । चालु खर्चको प्रकृति उपभोग स्वभावको हुन्छ, आर्जन गर्ने क्षमतामा हुँदैन । एकातर्फ सरकारको आर्जन गर्ने बीउ पुँजीको रूपमा रहेको पुँजी निर्माणमा खर्च नहुने तर अर्कोतर्फ उपभोगजन्य खर्चको हिस्सा बढ्दै जाँदा वित्त व्यवस्था दोहोरो मारमा छ ।

खर्च सन्तुलन धान्नमात्र नसकिएको होइन कि विगत चार वर्षदेखि सरकारी कोष घाटा निक्षेपमा छ । आर्थिक वर्ष २०६८/६९ मा पुँजीगत ७१ प्रतिशत थियो । त्यसपछिका वर्षहरूमा २०६९/७० मा ८२ प्रतिशत, २०७०/७१ मा ७८ प्रतिशत, २०७१/७२ मा ७६ प्रतिशत, २०७२/७३ मा ५९ प्रतिशत, २०७३/७४ मा ६७ प्रतिशत, २०७४/७५ मा ८१ प्रतिशत, २०७५/७६ मा ७७ प्रतिशत, २०७६/७७ मा ४७ प्रतिशत रहयो । कोभिड महामारीले पुँजीगत खर्च निकै घटायो । २०७८/७९ मा मुलुक कोभिडबाट पूर्ण सामान्यीकरणमा अयो तर पुँजीगत खर्च घटेर ५७.१८ प्रतिशतमात्र भयो । आव २०७९/८० मा यो स्थितिमा सीमान्त सुधार भई ६१.४४ प्रतिशत भएको अनुमान छ । यी तथ्यले पुँजीगत खर्च सरकारी क्षमताबाट बाहिरिन थालेका त होइन भन्ने प्रश्न उठेको छ । चालु आव २०८०/८१ मा कूल विनियोजनको १७ प्रतिशत (३०७.४ अर्ब रूपैयाँ) विनियोजन भएको छ । यस आवको छ महिना बितिसकेको छ, नयाँ आयोजना भर्खर सुरु हुँदै छ, क्रमागत कार्यक्रमको प्रगति सुस्त छ । प्रधानमन्त्रीले विभागीय मन्त्री र सचिवहरूलाई मातहतका कार्यक्रमहरू प्रभावकारी पार्न निर्देशन दिइरहेका छन् ।

विगत १० वर्षको पुँजीगत खर्चको प्रवृत्ति सन्तोषजनक नदेखिएको मात्र होइन, सरकारले सुधार रणनीति ल्याएको वर्षमा पनि उल्टो असर देखिन्छ । जस्तो कि आव २०७५/७६ मा प्रधानमन्त्रीकै उपस्थितिमा सचिव र मन्त्रीले कार्यसम्पादन करार गरेर स्वचालित स्वयं अनुगमन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा चौमासिक विवेचना गर्ने पद्धति बसालिएर पुँजीगत खर्चमा मन्त्रालयहरूलाई विशेष जिम्मेवार बनाउने काम गरियो तर पुँजीगत खर्च भने अघिल्लो आवको ८१ प्रतिशतको तुलनामा ७७ प्रतिशतमा झर्न पुग्यो । यसरी हेर्दा एक दशकको विश्लेषणबाट पुँजीगत खर्चको क्षमता ७० प्रतिशततिर मात्र छ ।

पुँजीगत खर्च लक्ष्यअनुरूप देखाउन अन्तिम चौमासिकमा कार्यक्रम संशोधनमार्फत लक्ष्य परिवर्तन गर्ने काम पनि भएको छ । आश्चर्य कहाँ देखिन्छ भने अमूक मन्त्रालयका उत्तरदायी अधिकृत (सचिव) ले खर्च गर्नसक्छु भनी कार्यतालिकासहितको क्रियाकलापमा प्रतिबद्धता जनाएको प्रस्तावमा उसैबाट खर्च हुन नसक्ने भनी कार्यक्रम संशोधन र लक्ष्य समायोजन हुने गरेको छ । सरकारले उच्च प्राथमिकता दिएका राष्ट्रिय गौरवका आयोजनाहरूमा पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम देखिन्छ । आव २०७७/७८ मा समग्र पुँजीगत खर्च प्रतिशत ६५ रहेको थियो तर राष्ट्रिय गौरवका आयोजनामा भने करिब ५८ प्रतिशतमात्र । विषयगत मन्त्रालयहरू लक्ष्यको सापेक्षमा धेरै उपलब्धि देखाउने मनोवृत्तिमा रहन्छन् भने अर्थमन्त्रालय पनि संशोधित लक्ष्यमा प्रगति देखाएर वित्तीय उपलब्धि राम्रो देखाउने सजिलो मनोविज्ञानमा रहन्छ । यो प्रवृत्तिले पनि पुँजीगत खर्च किन गर्नुपर्‍यो र भन्ने सोच विकास भएको छ । यी आँकडा र प्रवृत्ति हेर्दा बजेट प्रणालीमा नै आधारभूत कमजोरी रहेको छ भन्ने स्पष्ट छ ।

केही वर्षअघिसम्म पुँजीगत खर्च वृद्धि नहुनु, खर्चको गुणस्तर कुशलता नदेखिनु र समष्टीगतरूपमै खर्च व्यवस्थापन प्रभावकारी नहुनुको पछि झन्झटिलो कार्यक्रम स्वीकृति प्रक्रिया र अख्तियारी वितरण पहिलो दोषी देखाइन्थ्यो भने दोस्रो दोषी सार्वजनिक खरिद व्यवस्थालाई दिइन्थ्यो । त्योभन्दा पनि ठूलो दोष बजेट पारित हुन लाग्ने लामो समयलाई दिइन्थ्यो । नेपालको संविधान जारीपछि संविधानले नै 'अर्ली बजेट' (आव सुरु हुनुअघि नै बजेट पारित गरिसक्ने) लाई सुनिश्चित गरेको छ । तीनै तहका सरकारले आ-आफ्ना सभामा बजेट कार्यक्रम प्रस्तुत गर्ने समय कानुनमा नै तोकिदिएको छ । सार्वजनिक खरिद नियमावली बजेट कार्यक्रम कार्यान्वयनकर्ताका सुझावअनुरूप परिमार्जन गरिँदै आएको छ । नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ पनि कार्यान्वयनमा छ । चार वर्षदेखि कार्यसम्पादन सम्झौता गरी मन्त्री, सचिव र जिम्मेवार व्यक्तिलाई नीति कार्यक्रम कार्यान्वयनप्रति प्रत्यक्ष जवाफदेही बनाउन खोजिएको छ । खरिद कानुन खर्चको बाधक मानिएकाले पटक-पटक संशोधन गरिएको छ । यस अर्थमा बजेट कार्यक्रम कार्यान्वयनमा असजिला कारण नहुनुपर्ने हो ।

पुँजीगत खर्चको स्तर र आयतन कम हुनुमा नीतिगतभन्दा पनि व्यवहारजन्य कारणहरू बढी जिम्मेवार छन् । बजेट वास्तविक रूपमा तर्जुमा गरिँदैन । बजेट चक्रका चरणहरूको तार्किक सम्बन्ध छैन, जसले बजेट कार्यान्वयनलाई प्रभाव पारको छ । अर्ली बजेट भने पनि बजेट प्रस्तुत भएपछि कार्यान्वयन योजना र खरिद प्रक्रियाका कामहरू गरिँदैनन्, यसका लागि साउन नै पर्खिने चलन छ । आयोजना बैंक तर्जुमा नभएकाले राजनीतिक सहजता/प्रियताका आधारमा आयोजनाले स्थान पाउँछन्, विनियोजनका सिद्धान्त र आयोजना व्यवस्थापनका चरणहरू परिपालन हुँदैनन् । बजेट छलफलमा अर्थ मन्त्रालय दिने र अरु निकाय लिने भूमिकामा रहने भएकाले बजेटमा स्थान पाएका आयोजनाहरूप्रति कार्यान्वयन गर्ने निकायको अपनत्व हुँदैन । कतिपय आयोजना यति सतहीरूपमा राखिएका हुन्छन् कि तिनीहरूको निर्माणस्थल पहिचानमा पनि लामो समय लाग्छ । छलफलको समयमा कार्यान्वयन योग्यताका प्राविधिक पक्षहरू हेरिँदैन ।

बजेट स्वीकृतिपछि खरिद योजनाहरू तर्जुमा र स्वीकृत गर्ने काम समयमा हुँदैनन् । नमूना निर्धारित भएका बोलपत्रका कागजातहरू पनि समयमा बनाइँदैनन् । बोलपत्र प्रस्तावको मूल्यांकन लामो हुन्छ । यस समयमा निर्माण व्यवसायीको सेटिङ, लेखा, कानुन र आयोजना कर्मचारीबीच आ-आफ्नै स्वार्थको द्वन्द्व रहन्छ । अन्तर्राष्ट्रिय खरिद प्रस्तावको मूल्यांकन क्षमता कार्यान्वयन निकायमा हुँदैन, भाषा, कानुनी शब्दावली र शर्तहरूबीचको अन्तरसम्बन्ध हेर्ने क्षमता नहुँदा कार्यान्वयन जटिल भइहाल्छ । जब प्रस्ताव स्वीकृत भई कार्यादेश दिइन्छ, त्यसपछि दुईखाले समस्या आयोजनाले ब्यहोर्छ । पहिलो समग्र ठेक्का व्यवस्थापनको, जसलाई निकायले स्वामित्व र क्षमतामा लिएका नै हुँदैनन् । दोस्रो, गुणस्तरको । केही खर्च भए पनि गुणस्तर राम्रो देखिँदैन । निर्माण तथा आपूर्ति कार्य स्पेसिफिकेसनअनुसार जाँच गर्ने काम औपचारिकतामा सीमित हुन्छन् । निर्माण व्यवसायीको इञ्जिनियर वा आपूर्तिकर्ताको विज्ञको निर्भरतामा खर्च निकाय रहन्छन् । दुई पक्षको सम्मतिले गुणस्तर कायम हुन्न, असहति हुँदा आयोजना ढिलो हुन्छ । दुवै अवस्था पुँजीगत खर्चका सन्दर्भमा प्रतिकूल छन् । खर्च व्यवस्थापनका चरणहरूमा आर्थिक प्रशासनका कर्मचारीहरूलाई संलग्न नगराउँदा पनि व्यावहारिक समस्या सिर्जना हुँदै आएका छन् ।

खर्च कम हुनुको अर्को कारण एकै निर्माण व्यवसायीले धेरै काम लिने प्रवृत्ति पनि हो । ठेकेदारलाई आयोजना वा रकमको सीमा राख्नु पर्दछ । एकै व्यक्तिको पकडमा धेरै कम्पनीहरू हुने गरेको छन् । जब काम र गुणस्तरमा कडाइ हुन्छ, राजनीतिक कार्यकर्ता, मन्त्री र उनीहरूका आसेपासेहरू निर्माण व्यवसायी/आपूर्तिकर्ताको पक्षमा हुन्छन् । परिपक्व भइसकेका बिलको भुक्तानी नपाएको कारणबाट निर्माण व्यवसायीले सरकारप्रति विश्वास गर्न छाडेका छन् । भुक्तानीका लागि पनि विशेष प्रयास गर्नुपर्ने परिस्थितिले आउने दिनमा पुँजीगत खर्चलाई नकारात्मक प्रभाव पार्दछ ।

पछिल्ला समयमा त निर्माण/आपूर्ति व्यवसायी आफैं राजनीतिक जिम्मेवारीमा पुगेकाले आयोजना प्रमुखप्रतिको वफादारिता घटेर गएको छ । अर्को पक्ष विभागीय मन्त्री र सचिवको प्राविधिक अनुगमन/निगरानी हुने गरेको छैन । आयोजना प्रमुखको छनोटमा पनि राजनीतिक प्रभाव छ, पेसागत निष्ठा र इमान्दारिताको आधार लिइँदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट हुने कार्यसम्झौताको अनुगमन पनि प्रभावकारी छैन । ठूलो महत्त्वका साथ अघि सारिएको कामलाई राजनीतिक तवरबाट महत्त्व दिन छोडिँदा जोखिमका कामहरू पन्छाउने मनोवृत्तिमा कर्मचारीतन्त्र रहेको देखिन्छ । निगरानी निकायको अनपेक्षित सक्रियता, सञ्चारमाध्यममा गलत समाचार सम्प्रेषणजस्ता पक्षले पनि पुँजीगत खर्च बढ्न नसकेको देखिन्छ ।

पुँजीगत खर्च कम हुनुका अन्य कारणहरूमा राजनीतिक कार्यकारीबाट यसलाई कम प्राथमिकता दिइनु, सचिव महानिर्देशक, आयोजना प्रमुखजस्ता महत्त्वपूर्ण पदका व्यक्तिहरूलाई बारम्बार सरुवा गर्नु, प्रशासनिक नेतृत्वको क्षमता र प्राथमिकताबाट बजेट कार्यक्रम बाहिरिनु, सार्वजनिक खरिद कानुनमा कमजोरी रहनु, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अदालतजस्ता निगरानी निकायको अतिसक्रियता रहनु, खर्च पदाधिकारीहरू जोखिम नलिने अवस्थामा पुग्नु र स्थानीय उपभोक्ता सर्वसाधारणको सहयोग नरहनु पनि हुन् ।

यसर्थ पुँजीगत खर्च हुन नसक्नुमा नीतिगत होइन, केही प्राविधिक र धेरै व्यावहारिक कारण छन् । कर्मचारीतन्त्रले सक्रियता नदेखाएसम्म पुँजीगत खर्च बढ्ने स्थिति रहन्न । पछिल्लो समय निगरानी र छानबिन निकायले निर्णयकर्तालाई उन्मुक्ति दिने तर प्रक्रियामा रहेकालाई कारबाही गर्ने गरेकाले पनि पुँजीगत खर्च बढाउने उत्साहमा कर्मचारीतन्त्र देखिएको छैन । काम नगर्दा सुरक्षित भइन्छ तर काम गरेमा जोखिम हुन्छ भन्ने भाष्य बनेको छ । यसर्थ प्राविधिक तयारी र कर्मचारीतन्त्रको मनोबल उकास्ने काम अहिलेको आवश्यकता हो । रासस

*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

## मनन्योग्य

### विदुर नीति

'धर्मको गति बुझिनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ । धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन ।

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

**विदुरको जन्म**

महाराज शान्तनुका दुई महारानीमध्ये जेठी गंगाबाट देवव्रत भीष्म जन्मिए । उनले आफ्ना पिताको खुसीको खातिर विवाह नै नगरी आजीवन या प्रतीज्ञा गर्दै (म्भाबअतय झउभचयच) को रूपमा हस्तिनापुरको राजकाजको रेखदेख गर्ने गरेर नै आफ्नो जीवन बिताए । शान्तनुकी कान्छी महारानी केवट राजकी छोरी सत्यवती थिइन् । उनवाट गदर वीर्य नाउँ गरेका दुई पुत्र पैदा भएका थिए । शान्तनुपछि उनका छोरा चित्रांगद राजा भए यिनको अकाल मृत्यु हुँदा उनका भाइ बाचबत राजा भए । राजमाता सत्यवतीको आग्रहमा काशीका राजाका दुई छोरी अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको भीष्मले विवाह सम्पन्न गराइदिएका थिए । विचित्रवीर्यको पनि अल्पायुमै (कुनै सन्तान पैदा हुनु अगाडि नै मृत्यु भयो । क्रमशः

## पत्र-मञ्जुषा

# सहकारी 'ठग' हरु कहिले कानुनको दायरामा आउलान् सरकार ?

वैशाखदेखि भदौ वर्षात्को मौसम हो । यो अवधिमा सबैभन्दा धेरै पानी पर्छ । जुनसुकै भूभागमा पनि यो बेला वर्षात् हुन्छ । खोलाहरूमा भल आउँछ । त्यसैगरी यतिबेला मुलुकभरका सर्वसाधारणको आँखामा आँसुको भल बगेको छ । सहकारी संस्थाहरूले बचतकर्तालाई धरधरी रुवाएका छन् ।

पैसा डुबेको चिन्ताले गर्दा उनीहरूको आँखाबाट नरोकिनेगरी आँसु बगेको छ । बच्चादेखि वृद्धवृद्धासम्मको पैसा सहकारीले खाइदिएको छ । ब्याज आउँछ, बूढेसकाललाई हुन्छ भनेर सर्वसाधारणले सहकारीमा पैसा राखे । घरजग्गा बेचेर, जिन्दगीभरको कमाइ, विदेश बसेर कमाएको र जागिरबाट अवकाश हुँदा आएको पैसा बचत गरेका थिए ।

जुन सहकारीले झ्वाम पारिदियो । देशैभरि ३५ हजार २३९ वटा सहकारी दर्ता छ । यी सहकारीले करोडौं बचतकर्ताको ३७ खर्ब रूपैयाँ झ्वाम्म बनाइदियो । पाँच हजारदेखि १४ करोड रूपैयाँ डुब्ने बचतकर्ताहरू छन् । उनीहरू अहिले निकै तनावमा छन् । सहकारीले पैसा खाइदिएपछि चिन्ताले पिरोलिएका कतिपय बचतकर्ताको 'हर्ट अटचाक' भएर ज्यान गएको छ ।

कतिपयले आत्महत्याको बाटो रोजेका छन् । अधिकांश सहकारी भागिसकेका छन् । नभागेका सहकारीले पनि बचत फिर्ता गर्न सकेका छैनन् । सहकारीमा बचतकर्ताले पैसा राख्न छोडिसकेका छन् । सहकारीमाथि अब विश्वास गर्न सकिँदैन् भन्ने कुरा आमसर्वसाधारणले बुझिसकेका छन् ।

सबैलाई आफ्नो पैसा निकाल्नु छ तर सहकारीले दिँदैन । कार्यालय खुलेका सहकारीहरूले पनि झुलाउने र अल्मलाउने काम गरिरहेको छ । किनकि ती पनि भाग्ने मौका खोजेर बसेका छन् । सहकारी सञ्चालित घरका धनीहरू पनि अहिले तनावमा छन् । घरमा मान्छेको ओइरो लाग्दा उनीहरूको सातो जान्छ ।

घर तोडफोड हुने हो कि भनेर डराएका घरधनीहरू घर खाली गरिदिन आग्रह गर्दै पालिका गुहारिरहेका छन् । पैसा नपाएपछि बचतकर्ताले कार्यालयमा भएको सामान उठाउन सुरु गरिसकेका छन् । बाहिर बोर्ड झुण्ड्याएको छ, तर भित्रचाँहि ताला ठोकेको हुन्छ । दुई वर्षअघि हामी यहीको बासिन्दा हो, हामी भाग्दैनौं भन्नेहरू लुकेर हिँडेका छन् ।

अध्यक्षहरू सम्पर्कविहीन भएका छन्, कर्मचारी लुकीछिपी हिँडेका छन् । हिजो बढी ब्याज दिन्छु भन्ने प्रलोभन देखाएर सहकारीले बचतकर्ताबाट पैसा उठायो । अहिले न मर्दापर्दा पैसा दिन्छ न बिरामी भएर अस्पताल भर्ना हुँदा । सहकारीले पैसा नदिँदा किरिया गर्नसमेत समस्या परेको समाचारहरू बाहिरिरहेका छन् ।

धेरै सहकारीका सञ्चालक जेल चलान भएका छन् । कतिपय देश छोडेर भागिसकेका छन् । नभागेका सहकारीमा पैसा माग्न जाँदा सेयर, गाडी र घरजग्गा लिनूस् भन्छन् । बैंकले १०० रूपैयाँ कित्तामा निकालेको सेयरलाई पाँच हजार भन्छन् । एक लाख रूपैयाँ नपर्ने गाडी र जग्गाको मूल्य लाखौं राखिएको छ ।

उनीहरूको मूल्यमा सेयर, गाडी र घरजग्गा लिइदिनुपर्ने रे ! सहकारीहरू अझै पनि बचतकर्तालाई 'उल्लु' बनाएर ठग्ने चाल चलिरहेका छन् । हिजो २२ प्रतिशतसम्म ब्याज दिने सर्तमा बचत गर्न लगाए, अहिले उनीहरूको रेटमा सेयर, गाडी र घरजग्गा लिनु भन्छन् । काठमाडौंमा बचत गर्नेलाई रामेछाप, इलामलगायतका स्थानको जग्गा लिन दबाब दिइरहेका छन् ।

आफ्नो रेटमा लिए त्यही जग्गा लिनु, नत्र भए पैसा माया मार्नु भन्न खोजेका छन् । सर्वसाधारणको आँखामा सबै सहकारी 'ठग' बनेका छन् । सहकारीले बचतकर्तालाई 'मर्नु न बाँच्नु' बनाइदिएको छ । तर, मन्त्रीहरूचाहिँ तिनकै कार्यक्रममा अतिथि बन्न पुगेको देखिन्छ । सहकारीमन्त्री रञ्जिता श्रेष्ठ, अर्थमन्त्री डा. प्रकाशशरण महत सहकारीको कार्यक्रम उद्घाटनमा गइरहेका हुन्छन् ।

सहकारीले बचतकर्तालाई 'घर न घाट' को बनाउँदा मन्त्रीहरू तिनको कार्यक्रम उद्घाटन गर्न पुग्नु लज्जास्पद कुरा हो । पूर्वमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र जिबी राईविरुद्ध सिन्धुलीका युवराज सफलले केही दिनअघि सहकारी ठगीको उजुरी दर्ता गरेका छन् ।

उनले दोषीहरूमाथि कारबाही गर्न माग गरेका छन् । तर, सहकारी विभागले अहिलेसम्म सिआइबीलाई पत्र लेखेको छैन । विभागले नै सहकारी ठगीका आरोपीहरूलाई बचाइरहेको बचतकर्ताहरूको आरोप छ। बचतकर्ताहरू यतिबेला राज्य संयन्त्रमाथि आक्रोशित भएका छन् । लाखौं बचतकर्ताको बिल्लीबाठ हुँदासमेत सरकार हात बाँधेर बसेको छ अनि बचतकर्ता आक्रोशित हुनु स्वाभाविकै छ । अब पनि सरकार नतात्ने हो भने आफूहरूले नै सहकारी सञ्चालकहरूलाई कारबाही गर्ने बचतकर्ताहरू बताउँछन् । सरकारीका बचतकर्ताले कहिले पाउलान् आफ्नो बचत फिर्ता ? सहकारीका 'ठग'हरू कहिले कानुनको दायरामा आउलान् सरकार ?

**–अनुसा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# भाषा सिक्दै कुमाल समुदाय

**दमौली–** तनहुँको शुक्लागण्डकी नगरपालिका-८ माथिल्लो किमलडाँडा निवासी कुसमाया कुमाललाई आफ्नै भाषा छ भन्ने थाहा भए पनि भाषाको ज्ञान थिएन । यसअघि उनले कहिल्यै कुमाल भाषा सुनेकी थिइनन् ।

'कुमाल जातिको भाषा छ भन्ने त सुनेको थिएँ, तर कस्तो हुन्छ भन्ने थाहै थिएन,' कुसमायाले भनिन्, 'अहिले भाषा सिक्दै छु, आफ्नो भाषा जान्नुपर्ने रहेछ ।' आफ्नै भाषा, संस्कृति रीतिरिवाजका बारेमा जानकारी लिन पाउँदा खुसी लागेको उनको भनाइ छ । 'हामी त अहिलेसम्म कुमाल भाषा बोलेका छैनौं, अब सिक्दै छौं, सिकेपछि जानिहाल्छौं,' उनले भनिन् ।

सोही वडा निवासी अम्बिका कुमाललाई भने आफ्नो भाषा छ भन्ने नै थाहा थिएन । उनले भनिन्, 'मलाई त कुमाल जातिको भाषा छ होला र भन्ने थियो, हामी त अहिलेसम्म नेपाली भाषामै बोलिरहेका छौं, कुमालको पनि भाषा छ भन्ने थाहा पाउँदा खुसी लाग्यो ।' कुमाल भाषा सिकिरहेको बताउँदै उनले अब कुमाल भाषामै घरपरिवारमा कुरा गर्ने सुनाइन् ।

किमलडाँडामा कुसमाया र अम्बिका जस्तै ६० जनाले आफ्नो भाषा सिकिरहेका छन् । यहाँका कुमाल समुदाय आफ्नो भाषा संरक्षणका लागि जुटेका छन् । भाषा, संस्कृति विस्तारै हराउँदै गएपछि सुरुमा मातृभाषा सिकाउन थालिएको छ ।

शुक्लागण्डकीमा विभिन्न स्थानमा छरिएर रहेका कुमाल समुदाय एकै ठाउँमा जम्मा भएर भाषाको कक्षा लिइरहेका छन् । कुमाल समाज नेपाल नगरकार्यसमिति शुक्लागण्डकीको आयोजनामा शनिबारदेखि १० दिनसम्म भाषा कक्षा सञ्चालन हुने छ ।

भाषा संरक्षण कार्यक्रममा अभिभावक र विद्यालयमा अध्ययनरत विद्यार्थीसमेत गरी ६० जनाको सहभागिता रहेको कुमाल समाजका केन्द्रीय उपाध्यक्ष कुलकुमार कुमालले जानकारी दिए । तालिममा अर्घाखाँचीका तिलकबहादुर कुमाल र पाल्पाका उषा कुमालले भाषा सिकाइरहेका छन् । नगरपालिकाकाले अल्पसंख्यक कुमाल, भुजेल र थकाली समुदायको भाषा संरक्षणका लागि बजेट विनियोजन गरेको थियो ।

कुमाल समुदाय देशका ७० जिल्लामा बसोबास गर्छन् । वि.सं. २०७८ को जनगणनाअनुसार देशभरमा कुमालको संख्या एक लाख २९ हजार ७०२ छ । तनहुँमा आठ हजार ७२७ जनसंख्या छ भने शुक्लागण्डकीमा तीन हजार ७०० बसोबास गर्छन् ।

शुक्लागण्डकी-६, ८ र १० मा कुमाल समुदायको बसोबास छ । देशभरका कुमालमध्ये करिब १२ प्रतिशतले मात्रै आफ्नो भाषा बोल्नसक्ने कुमाल भाषाका प्रशिक्षक तिलकबहादुरले जानकारी दिए । लमजुङ, गोरखा, पाल्पा, नवलपरासीमा बस्ने कुमालले आफ्नो भाषा बोल्छन् तर बसाइँ सरेर अन्यत्र गएकाले बोल्न छाडेको उनको भनाइ छ ।

राष्ट्र र राष्ट्रियतालाई समृद्ध बनाउन हरेक मातृभाषाको संरक्षण, प्रवर्द्धन र विस्तार हुनु जरुरी रहेको प्रशिक्षक कुमालले बताए । उनले भने, 'भोलिको पुस्ताले आफ्नो मातृभाषा दैनिक व्यवहारमा प्रयोग गर्न यस्ता कार्यक्रम हरेक समुदायमा पुऱ्याउनै पर्छ, राज्यका तीनै तहका सरकारले स्पष्ट नीति लिए पनि कतिपय स्थानीय तहमा पाठ्यक्रम निर्माणका क्रममा कुनै जातिको बाहुल्यता भएको ठाउँमा पनि मातृभाषामै पुस्तक तयार हुन सकेको छैन ।'

मातृभाषाकै विद्यालय स्थापना गरी जनशक्ति तयार गर्नुपर्ने उनको सुझाव छ । उनका अनुसार देवानगरीकै लिपिमा कुमाल भाषा लेखिन्छ । भारोपेली परिवारको कुमाल भाषा नेपाली र हिन्दीसँग मिल्दोजुल्दो हुन्छ । वाक्य संरचना पनि नेपाली भाषासँगै मिल्दोजुल्दो भएकाले सिक्ने इच्छाशक्ति भएमा सिक्न अप्ठ्यारो नभएको उनको भनाइ छ । *रासस*

जाजरकोट भूकम्प

# रूकुम पश्चिममा १६ हजारअस्थायी आवास निर्माण

**त्रिवेणी, रुकुम पश्चिम (प्रस)–** गत कात्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएका रुकुम पश्चिममा अस्थायी आवास निर्माण जारी छ । हालसम्म जिल्लाभर १६ हजार ३४६ अस्थायी आवास निर्माण सम्पन्न भएका छन् ।

भूकम्प गएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सबै भूकम्पपीडित अस्थायी आवासमा सर्न सकेका छैनन् । अझै कतिपय पनि भूकम्पपीडित त्रिपालको भरमा तथा चर्किएको घरमा रात काट्न बाध्य छन् । दुई महिनामा १६ हजार ३४६ अस्थायी आवास निर्माण सम्पन्न भएका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवाले जानकारी दिए । अझै पनि सबै पीडितका लागि अस्थायी आवास निर्माण गर्न नसकिएको उनले बताए ।

बढुवाका अनुसार जिल्लाभर सात हजार ४९७ अस्थायी आवास निर्माणको चरणमा रहेका छन् । जिल्लामा २९ हजार ४०६ लाभग्राही पहिचान भएका जनाउँदै बाँकी लाभग्राहीका लागि अस्थायी आवास निर्माण हुन नसकेको उनले बताए । हालसम्ममा सबैभन्दा बढी अस्थायी आवास आठबीसकोट नगरपालिकामा पाँच हजार ४८३ र सबैभन्दा कम मुसिकोट नगरपालिकामा ७० अस्थायी आवास निर्माण भएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAAR AL- WAFA TRD. CO.

पूर्व स्वीकृति मिति: २०८०/१०/०२ LT. No. 297991 चलानी नं. ६०२१३४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 10 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAAR AL- WAFA TRD. CO.

पूर्व स्वीकृति मिति: २०८०/०९/२९ LT. No. 297992 चलानी नं. ६०२१३४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIGHT SOLUTIONS COMPANY LIMITED

पूर्व स्वीकृति मिति: २०८०/१०/०५ LT. No. 298280 चलानी नं. ६०२१३४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Work Shop Labor | 8 | 0 | 1100 | ३८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHIAAR AL WAFAA TRADING CO.

पूर्व स्वीकृति मिति: २०८०/१०/०५ LT. No. 298282 चलानी नं. ६०२१३४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 10 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 5 | 0 | 1200 | ४२,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 297991/297992/298280/298282 मितिः २०८०/१०/०६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Govt. Lic. No. 816/066/067

IMPERIAL OVERSEAS PVT. LTD.

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9840098991
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAKURA FOOD INDUSTRIES FACTORY

पूर्व स्वीकृति मिति २०८०/१०/०७ LT. No. 298436 चलानी नं. ६०२१३३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 5 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HASSAN ABDUL HADI HASSAN AL WAQYAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/१०/०५ LT. No. 298266 चलानी नं. ६०२१३३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1900 | ६७,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

Honesty Overseas Pvt.Ltd.

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



Province Government
**Ministry of Physical Infrastructure Development**
Transport Infrastructure Directorate
**Infrastructure Development Office, Jhapa**
Koshi Province, Nepal

## Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites electronic bids for the following works under National Competitive Bidding procedure.

First Date of publication: 22nd January 2024 (Magh 8, 2080)
Last Date of Bid Submission: 21st February 2024 (Falgun 9, 2080) at 12:00 Noon

| S.N. | Description of Works |
|---|---|
| 1 | Upgrading of Various roads in Buddhashanti Rural Municipality ward no 1,2,3 (Second lot ) (Contract ID: IDO-JHP/W/NCB/MR-36/080-81) |
| 2 | Upgrading of various roads in Shivasatakshi Municipality,Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-37/080-81) |
| 3 | Upgrading of Maidhar- Aaptari- Chhilagad Shivasataashi 10,9,7 road, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-38/080-81) |
| 4 | Upgrading of Various Road within Birtamode Municipality 7 & 8 (Contract ID: IDO-JHP/W/NCB/MR-39/080-81) |
| 5 | Upgrading of Various Road within Birtamode Municipality 10, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-40/080-81) |
| 6 | Upgrading of Various Road within Birtamode Municipality 3 & 4., Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-41/080-81) |
| 7 | Upgrading of birtamode 4 & 5 aagman chowk bata purba hari sharma ko ghar hudai harklal marga jodne sadak, Birtamode Municipality -4 & 5, Jhapa (Contract ID: IDO-JHP/W/NCB/MR-42/080-81) |

All interested bidders may visit the website www.bolpatra.gov.np/egp for the detail information.

Office Chief



Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RED DOT COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/१०/०७ LT. No. 298474 चलानी नं. ६०२१३४२३

